


# भर्ना प्रक्रियामा भएका परिवर्तनहरू

## अभिभावकहरूका लागि जानकारी

## के परिवर्तन भएको छ?

किन्डरगार्टन (Kindergarten) देखि कक्षा 12 (Year 12) सम्म भर्नागर्ने प्रक्रियामा निम्न परिवर्तनहरू गरिएका छन् सबै सार्वजनिक विद्यालयमा 2026 को सत्र 1बाट शुरु हुने भर्नाहरूको लागि यो लागू हुन्छ ।

### गैर-स्थानीय भर्नाहरूमा भएका परिवर्तनहरू

2025 मा, हामीले निश्चित सिकाइ र कल्याण आवश्यकता भएका विद्यार्थीहरू, हाल भर्ना भएका विद्यार्थीहरूका भाइबहिनीहरू र विद्यालय कर्मचारीका छोराछोरीहरूका लागि गैर-स्थानीय भर्ना आवेदनहरूलाई प्राथमिकता दिने मापदण्ड लागू गर्यौं।

2026 मा निम्न गैर-स्थानीय भर्नालाई पनि प्राथमिकता दिइनेछ:

- सांस्कृतिक, पारिवारिक र नाता सम्बन्ध (kinship connections) लाई मान्यता दिन आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर विद्यार्थीहरू
- NSW सार्वजनिक विद्यालय सँगै रहेका सार्वजनिक प्रि-स्कूलमा पढेर आउने Kindergarten विद्यार्थीहरू।

### सुरक्षा सेवामा कार्यरत परिवारहरूका बालबालिकाहरूका लागि थप लचिलोपन

स्थानान्तरणको समयमा र आवास सुरक्षित गर्दा सुरक्षा सेवामा कार्यरत परिवारहरूका बालबालिकाहरूका लागि विद्यालय भर्ना मापदण्डमा अधिक लचिलोपन सुनिश्चित गर्न भर्ना प्रक्रियाहरू अद्यावधिक गरिँदैछ।

### आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डरसँगको नाता (kinship) लाई मान्यता

विद्यालयहरूमा आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर विद्यार्थीहरूलाई भर्ना गर्न अधिक लचिलोपन हुनेछ, जसमा kinship connections नाता सम्बन्ध, सांस्कृतिक सुरक्षा, आदिवासी भाषा अध्ययनमा पहुँच र Sorry Business जस्ता सांस्कृतिक जिम्मेवारीहरू समावेश हुनेछन्।

### सबैभन्दा जोखिममा रहेका विद्यार्थीहरूको लागि निरन्तरता

जमानतमा रहेका विद्यार्थीहरू र युवा न्याय (youth justice) केन्द्र र हिरासतमा रहेका विद्यालयहरूबाट स्थानान्तरण हुने विद्यार्थीहरूको लागि विशेष मार्गदर्शन पनि समावेश गरिएको छ र यी विद्यार्थीहरूको लागि स्थानीय भर्ना आवेदनहरू अब 2 विद्यालय दिन भित्र सम्पन्न गरिनेछ।

# बारम्बार सोधिने प्रश्नहरू

## के यी परिवर्तनहरू मेरो बच्चामा लागू हुन्छन्?

2026 मा NSW सार्वजनिक विद्यालयहरूमा भर्ना प्रक्रियाहरूमा गरिएका परिवर्तनहरू तपाईंलाई लागू हुन्छ यदि:

- तपाईंको बच्चा नाता (kinship), भाषा वा सांस्कृतिक सम्बन्ध भएको आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर हो।
- तपाईंको बच्चा घर बाहिरको (out-of-home) हेरचाहमा छ, जमानतमा छ, वा विद्यालयबाट युवा न्याय केन्द्र वा हिरासतमा स्थानान्तरण हुँदैछ।
- तपाईंको बच्चाको आमाबाबु मध्ये एकले सुरक्षा बलमा सेवा गर्नुभएको छ वा हाल सेवा गरिरहनुभएको छ र अष्ट्रेलियाली सुरक्षा बलको लागि काम गर्दा हुने स्थानान्तरण मापदण्डबाट प्रभावित हुन सक्छ।

## के प्रत्येक विद्यालयले यी परिवर्तनहरू लागू गर्न आवश्यक हुनेछ?

विद्यालयमा  भर्ना उपलब्धताको आधारमा, विद्यालयहरूले 2026 को सत्र 1 कोलागि भर्ना हुने विद्यार्थीहरूको लागि गैर-स्थानीय भर्नामा भएका परिवर्तनहरू लागू गर्न आवश्यक छ।

गैर-स्थानीय विद्यार्थीहरूको लागि भर्ना प्रक्रियामा भएको परिवर्तनले विशेषज्ञ सेटिङहरू वा कार्यक्रमहरूको लागि योग्यता मापदण्डलाई असर गर्दैन, जस्तै पूर्ण रूपमा छनौटमा आधारित विद्यालयहरू, विशिष्ट उद्देश्यका  विद्यालयहरू (schools for specific purposes (SSPs)), दूर शिक्षा विद्यालयहरू, र विशिष्ट योग्यता आवश्यकताहरू भएका कक्षाहरू वा कार्यक्रमहरू भएका विद्यालयहरू (जस्तै अवसर कक्षाहरू, विशेषज्ञ खेलकुद र/वा रचनात्मक वा प्रदर्शन कला विधाहरू)। यी विद्यालयहरू आफ्नै प्रक्रियाहरू, योग्यता मापदण्ड र मूल्याङ्कनको अधीनमा छन् र आफ्ना वर्तमान भर्ना प्रक्रियाहरू पालना गर्न जारी राख्नेछन्।

यदि भर्ना गर्ने बच्चाले लिङ्ग सम्बन्धि विद्यालयको योग्यता मापदण्ड पूरा गर्दछ भने एकल लिङ्गी विद्यालयहरूले यी परिवर्तनहरू लागू गर्नुपर्छ। यी परिवर्तनहरू कसरी लागू हुन्छन् भनेर सोध्न सम्बन्धित विद्यालयलाई सम्पर्क गर्नुहोस्।

## यदि मेरो बच्चाले अद्यावधिक मापदण्ड पूरा गर्छ भने के गैर-स्थानीय भर्नाको लागि मेरो आवेदन स्वतः स्वीकार हुनेछ?

यी परिवर्तनहरूले तपाईंको बच्चालाई गैर-स्थानीय सार्वजनिक विद्यालयमा भर्नाको ग्यारेन्टी गर्दैनन्। गैर-स्थानीय र स्थानीय भर्नाको लागि स्थान उपलब्ध भएका विद्यालयहरूले तपाईंको आवेदनलाई विचार गर्नेछन्। सीमित गैर-स्थानीय भर्ना स्थान उपलब्ध भएका विद्यालयहरूले निम्नका लागि गैर-स्थानीय भर्नालाई प्राथमिकता दिनेछन्:

- उचित समायोजन र/वा थप शैक्षिक सहयोग आवश्यक पर्ने सिकाइ र कल्याण आवश्यकता भएका विद्यार्थीहरू जसमा:
  - सांस्कृतिक सम्बन्ध र/वा पारिवारिक तथा kinship connections एवं सम्बन्ध भएका आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर विद्यार्थीहरू
  - अपाङ्गता
  - विकासात्मकउमेर
  - आघात
  - बाल सुरक्षा चिन्ताहरू
  - चिकित्सा र व्यक्तिगत आवश्यकताहरू र परिस्थितिहरू
- हाल विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका भाइबहिनीहरू तथा सहयोग एकाइमा रहेका विद्यार्थीहरूका भाइबहिनीहरूलाई प्राथमिकता दिइनेछ।
- विद्यालयसँगै रहेको सार्वजनिक प्रि-स्कूलमा पढेर आउने Kindergarten विद्यार्थी।

थप जानकारीको लागि सम्बन्धित विद्यालयमा सम्पर्क गर्नुहोस्।

## के यसको मतलब अबदेखि गैर-स्थानीय भर्नाको लागि प्राथमिकता मापदण्ड पूरा गर्ने विद्यार्थीहरूलाई मात्र स्वीकार गरिनेछ?

होइन, यदि बच्चा विद्यालयमा भर्ना हुन योग्य छ र विद्यालयले आफ्नो भर्ना क्षमता भित्र बच्चालाई समावेश गर्न सक्छ भने अभिभावकहरूले कुनै पनि सार्वजनिक विद्यालयमा आफ्नो बच्चा भर्ना गर्न आवेदन दिन सक्छन्। सीमित गैर-स्थानीय भर्ना उपलब्धता भएका सबै विद्यालयहरूले अद्यावधिक गरिएको गैर-स्थानीय भर्ना मापदण्ड अनुसार आवेदनहरूलाई प्राथमिकता दिनुपर्छ र विचार गर्नुपर्छ।

## मेरो अघिल्लो गैर-स्थानीय भर्ना आवेदन अस्वीकार गरिएको थियो, तर मेरो बच्चाले अब अद्यावधिक मापदण्ड पूरा गर्दछ। के म फेरि आवेदन दिन सक्छु?

सक्नुहुन्छ। यदि तपाईले 2026 मा आफ्नो बच्चालाई गैर-स्थानीय विद्यालयमा भर्ना गर्नको लागि आवेदन दिनुभएको थियो र आवेदन अस्वीकार गरिएको थियो र यदि तपाईंको बच्चाले अद्यावधिक गरिएको गैर-स्थानीय भर्ना मापदण्ड पूरा गर्छ भने तपाईंले फेरि आवेदन दिन सक्नुहुन्छ। कृपया तलको "मेरो बच्चालाई भर्ना गरेको विद्यालय कसरी परिवर्तन गर्ने?" खण्डमा उल्लेखित चरणहरू पालना गर्नुहोस्।

## मैले Year 6 बाट 7 मा जानको लागि इच्छाको अभिव्यक्ति (Expression of Interest (EOI)) पेश गरेको छु। के म मेरो बच्चालाई भर्ना गरिएको ठाउँ परिवर्तन गर्न सक्छु?

सक्नु हुन्छ। यदि तपाईंले पहिले नै Year 6 बाट 7 जानको लागि EOI पेश गर्नुभएको छ भने पनि, यदि तपाईंको बच्चाले अद्यावधिक गैर-स्थानीय भर्ना मापदण्ड पूरा गर्छ भने तपाईंले आफ्नो रोजाईको गैर-स्थानीय विद्यालयमा नयाँ आवेदन दिन सक्नुहुन्छ। कृपया तलको "मेरो बच्चालाई भर्ना गरेको विद्यालय कसरी परिवर्तन गर्ने?" खण्डमा उल्लेखित चरणहरू पालना गर्नुहोस्।

## मेरो बच्चालाई भर्ना गरेको विद्यालय कसरी परिवर्तन गर्ने?

आफ्नो बच्चालाई गैर-स्थानीय विद्यालयमा भर्ना गर्न चाहने अभिभावक वा हेरचाहकर्ताहरूले उनीहरूको भर्ना परिवर्तन गर्न निम्न चरणहरू पालना गर्नुपर्छ:

### अनलाइन भर्ना आवेदनहरू

1. तपाईंले भर्नाको लागि आवेदन दिन चाहनुभएको सार्वजनिक विद्यालयको वेबसाइटमा जानुहोस्, त्यसपछि मेनु (menu) मा रहेको भर्ना (enrolment) मा थिच्नुहोस्।
2. भर्ना वेबपेजमा, कसरी भर्ना गर्ने (how to enrol) शीर्षक अन्तर्गत अनलाइन भर्ना आवेदन (online enrolment application) को लिङ्कमा मा थिच्नुहोस्।
3. भर्नाको लागि आवेदन पेश गरेपछि, विद्यालयले तपाईंलाई भर्नाको प्रस्ताव पठाउने छ जुन तपाईले 14 दिन भित्र स्वीकार गर्नुपर्नेछ।
4. यदि तपाईंको आवेदन स्वीकृत भयो भने, तपाईंको बच्चा पहिले भर्ना भएको विद्यालयमा सम्पर्क गरेर त्यो भर्ना रद्द गराउनुहोस्।

**कागजी फारम आवेदनहरू**

1. तपाईंको बच्चालाई भर्ना गर्न सकिन्छ कि भनेर पत्ता लगाउन गैर-स्थानीय सार्वजनिक विद्यालयलाई सम्पर्क गर्नुहोस्।
2. यदि विद्यालयले तपाईंको बच्चालाई भर्ना गर्न सक्छ भने, कृपया नयाँ कागजी आवेदन फारम भर्नुहोस्, जुन विद्यालयले उपलब्ध गराउनेछ।
3. तपाईंले भर्ना फारमको लागि आवेदन पेश गरेपछि, विद्यालयले तपाईंलाई भर्नाको प्रस्ताव पठाउने छ जुन तपाईले 14 दिन भित्र स्वीकार गर्नुपर्नेछ।
4. यदि तपाईंको आवेदन स्वीकृत भयो भने, तपाईंको बच्चा पहिले भर्ना भएको विद्यालयमा सम्पर्क गरेर त्यो भर्ना रद्द गराउनुहोस्।

## यदि मेरो स्थायी ठेगाना वा आवश्यक पहिचान गर्ने कागजात छैन भने के हुन्छ?

ठेगानाको प्रमाण बिना नै विद्यार्थी भर्ना गर्न सकिने परिस्थितिहरू छन्। यी परिस्थितिहरूमा सांस्कृतिक आधार, सुरक्षा सेवामा कार्यरत परिवारका बालबालिकाहरू र घर बाहिर (out-of-home) हेरचाहमा रहेका बालबालिकावा युवाहरू, जमानतमा, वा विद्यालयबाट युवा न्याय केन्द्रहरू र हिरासतमा स्थानान्तरण हुने विद्यार्थी लगायत समावेश छन्। यदि तपाईंलाई लाग्छ कि यो परिस्थिति तपाईंमा लागू हुन सक्छ भने थप जानकारीको लागि कृपया सम्बन्धित विद्यालयलाई सम्पर्क गर्नुहोस्।

## के 2025 को भर्ना नीति र प्रक्रियामा भएका परिवर्तनहरू अझै पनि लागू हुन्छन्?

हुन्छ। 2025 मा लागू गरिएका परिवर्तनहरू 2026 भर्ना गर्दा पनि लागू रहनेछन् । यसमा निम्न कुराहरू समावेश छन्:

- अस्थायी आवासीय भिसामा रहेका सबै विद्यार्थीहरूले आफ्नो आवासीय ठेगानाको आधारमा स्थानीय सार्वजनिक विद्यालयमा भर्ना हुन सक्छन्।
- सार्वजनिक विद्यालयमा हाल भर्ना भएका विद्यार्थीहरूका भाइबहिनीहरूलाई गैर-स्थानीय भर्नाको लागि प्राथमिकता दिइनेछ जसमा योग्य मुख्यधारका विद्यालयहरूमा सहयोग कक्षाहरूमा अध्ययनरत विद्यार्थीहरूका भाइबहिनीहरूलाई प्राथमिकता दिइनेछ।
- विद्यालय कर्मचारीका छोराछोरीहरूलाई सार्वजनिक विद्यालयमा गैर-स्थानीय भर्नाको लागि विचार गर्न सकिनेछ।

यी परिवर्तनहरूको बारेमा थप जानकारीको लागि, वा यी परिवर्तनहरू तपाईंको बच्चामा लागू हुन्छन् कि हुँदैनन् भनेर जान्न सम्बन्धित विद्यालयलाई सम्पर्क गर्नुहोस्।

## म थप जानकारी कहाँ पाउन सक्छु?

**भर्ना सम्बन्धी सोधपुछको लागि आफ्नो रोजाईको विद्यालयसँग छलफल गर्नुहोस्। तपाईंको विद्यालयको सम्पर्क विवरण यहाँ पाउन सकिन्छ:**
education.nsw.gov.au/find-a-public-school

**NSW को सरकारी विद्यालयमा कसरी भर्ना गर्ने भन्ने बारे थप जानकारीको लागि:**
education.nsw.gov.au/enrolment

**NSW को सरकारी विद्यालयमा अस्थायी बासिन्दाको रूपमा कसरी भर्ना गर्ने भन्ने बारे थप जानकारीको लागि:**
https://www.deinternational.nsw.edu.au/

**भर्ना सम्बन्धी सामान्य सोधपुछको लागि, शिक्षा विभागको प्रधान कार्यालयमा सम्पर्क गर्नुहोस्:** 1300 679 332

**टेलिफोन दोभाषे सेवा**

यदि तपाईंलाई विद्यालय वा शिक्षा विभागलाई सम्पर्क गर्न सहयोग गर्न दोभाषे चाहिन्छ भने कृपया टेलिफोन दोभाषे सेवा (Telephone Interpreter Service) लाई 13 14 50 माफोन गर्नुहोस् र तपाईंको भाषा बोल्ने दोभाषे माग्नुहोस्। तपाईंले फोनगर्न चाहनुभएको फोन नम्बर अपरेटरलाई भन्नुहोस् र अपरेटरले तपाईंलाई कुराकानीमा सहयोग गर्न लाइनमा दोभाषे जोडिदिनेछ। यो नि:शुल्क सेवा हो।